**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 4, Volume 4, Issue 1, June 2023
Published by Sotang Public Campus

# माध्यमिक तहमा भाषिक विधा शिक्षण विधिहरूको प्रयोग स्थिति

**गोकर्ण जोशी**

*Article History : Submitted 16 June 2022; Reviewed 13 July 2022; Accepted 25 Aug. 2022*
*Author : Gokarna Joshi Email: gokarnaj8676@gmail.com*
*DOI:*

**लेखसार**

*भाषा जनसम्पर्कको भरपर्दो र प्रभावकारी माध्यम हो । शिक्षण प्रक्रियामा भाषाको सर्वाधिक उपयोग गरिन्छ भने भाषा शिक्षणमा भाषा साधन र साध्य दुवै रूपमा प्रयोग गरिन्छ । माध्यमिक तहमा विधा शिक्षणअन्तर्गत साहित्यिक र साहित्येतर विधाहरूको उपयोग गरिएको छ । साहित्यिक विधाहरूको शिक्षण प्रयोजन तथा शिक्षण विधिहरूको प्रयोगावस्था पहिचान गर्ने उद्देश्य लिई यस लेखलाई तयार पारिएको छ । उल्लिखित उद्देश्य पूर्तिका लागि परिमाणात्मक अनुसन्धान विधिको उपयोग गरी साहित्यिक विधा शिक्षणको प्रयोजन, शिक्षण विधिको प्रयोगावस्था तथा शिक्षण विधिहरूको सैद्धान्तिक र प्रयोगात्मक पक्षका बिचमा सन्तुलन कायम गरिएको छ । यस लेखका लागि माध्यमिक तहमा नेपाली विषय अध्यापन गरिरहनु भएका ३० जना शिक्षकहरूबाट गुगल फारामबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने भाषा शिक्षण, भाषिक विधा शिक्षणका सैद्धान्तिक पुस्तकहरूलाई उपयोग गरी द्वितीयक सामग्री सङ्कलन गरिएको छ । उल्लिखित सन्दर्भअनुसार यस अध्ययनमा कविता शिक्षणको वैशिष्ट्य लयबद्ध शिक्षण भए पनि तथ्यले भाषिक सिप विकासमा जोड दिएको छ । तल्ला कक्षामा बढी सान्दर्भिक मानिने गीत तथा अभिनय विधि माथिल्ला कक्षामा समेत उपयोग गरिएको पाइयो । निबन्ध शिक्षणको वैशिष्ट्य लेखन कलाको समुचित विकास भएर पनि तथ्यले बोध र अभिव्यक्ति क्षमताको विकासमा जोड दिएको छ । कथा शिक्षणको प्रारम्भ प्रस्तावनाबाट गर्नुपर्ने सैद्धान्तिक मान्यता भए पनि तथ्यले कथा कथनलाई जोड दिएको छ । नाटक/एकाङ्की शिक्षणका लागि उपयोगी विधिका रूपमा कक्षा अभिनय विधि उपयुक्त हुने तथ्य पुष्टि भएको छ । प्रस्तुत लेख भाषा अध्ययन, अध्यापन र अनुसन्धानमा संलग्नहरूका लागि उपयोगी हुने अपेक्षा राखिएको छ ।*

**मुख्य शब्द/शब्दावली :** माध्यमिक, विधा शिक्षण, प्रयोजन विधि र प्रक्रिया, भाषिक सक्षमता

## परिचय

मानव उच्चारण अवयवबाट उच्चरित सार्थक ध्वनि नै भाषा हो । सस्युरले भाषालाई यस रूपले कल्पना गरेका छन् कि जसको एकातिर सामाजिक विषयवस्तु छ भने अर्कातिर वैयक्तिक व्यवहार छ (श्रीवास्तव, सन् २०१०, पृ. २१) । यसको उपयोग सामाजिक सम्पर्कको सबैभन्दा भरपर्दो साधनका रूपमा गरिन्छ । भाषाको सहायताले समाजका व्यक्ति परस्परमा आफ्ना विचारहरूको सम्प्रेषण गर्छन्, सन्देशहरूको आदानप्रदान गर्छन् अर्थात् विचार विनिमय गर्छन् । यसर्थ भाषाका अभावमा आजको मान्छेले समाजमा काम चलाउन सक्दैन (बन्धु, २०७७, पृ. २) । त्यसैगरी कुनै पनि शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता भाषाका दुई प्रमुख पक्ष बोध र अभिव्यक्ति क्षमतामा भरपर्ने हुन्छ (अधिकारी, २०६९, पृ. ३) । बोध र अभिव्यक्तिको सम्बन्ध भाषा शिक्षणसित अझ प्रखर रूपमा रहेको हुन्छ । भाषा शिक्षण भन्नाले भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को बारेमा शिक्षार्थी र प्रशिक्षक बिच हुने सार्थक र अन्तर्क्रिया बुझिन्छ (जोशी, सन् २०२१, पृ. ३३) । यहाँ भाषा शिक्षणका क्रममा भाषिक सिपलाई केन्द्रमा राखेर शिक्षण कार्य अगाडि बढाउनुपर्ने देखिन्छ । भाषा शिक्षणको मूल अभिप्राय भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को अभिवृद्धि गर्नु हो (पोखरेल र काफ्ले, २०७६, पृ. २) । भाषाशिक्षणका विषयवस्तु, शिक्षणका तौरतरिका पाठ्यक्रमद्वारा निर्देशित हुन्छन् । पाठ्यक्रमकै आधारमा भाषा पाठ्यपुस्तक तयार पारिन्छ ।

हाल प्रचलनमा रहेको शिक्षा ऐन २०२८ का अनुसार माध्यमिक तह भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्मको विद्यालयीय शिक्षालाई जनाउँछ । यद्यपि यस लेखमा प्रयुक्त माध्यमिक तह भन्नाले कक्षा ९ र १० लाई मात्रै लिइएको छ । यस तहमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न विभिन्न अनिवार्य र ऐच्छिक विषयहरू प्रयोगमा ल्याइएको छ । विभिन्न विषयहरूमध्ये अनिवार्य विषयको रूपमा नेपाली विषय साप्ताहिक ५ पाठ्यभारका रूपमा पठनपाठन हुने गरेको छ । नेपाली विषय शिक्षणको मुख्य प्रयोजन भाषिक सिपहरूमा सिकारुको सक्षमता अभिवृद्धि गर्नु रहेको छ । यस प्रयोजनार्थ भाषा विषयमा साहित्यिक र साहित्येत्तर भाषिक विधाहरूको उपयोग गरिएको छ । यस लेखमा साहित्यिक विधाहरूअन्तर्गत पर्ने मुख्य विधाहरू कथा, कविता, निबन्ध, नाटक/एकाङ्कीको शिक्षण प्रयोजन, शिक्षण प्रक्रिया र विधिको अध्ययन गरिएको छ । साथै शिक्षण प्रयोजन, विधि, प्रक्रियाको सैद्धान्तिक मान्यता र कक्षा शिक्षणमा यिनीहरूको प्रयोग स्थितिमा रहेको समानता र असमानता पर्गेल्ने र निष्कर्षमा पुग्ने काम गरिएको छ । यद्यपि भाषा विषयको पाठ्यक्रममा समाविष्ट जुनसुकै भाषिक विधाको शिक्षण प्रयोजन मुख्यतया भाषिक सिप सिकाउनु, भाषाको बोध तथा अभिव्यक्ति क्षमता बढाउनु तथा भाषिक गतिविधिमा सिकारुलाई सक्षम बनाउनु रहेको छ । तर भाषिक विधाको वैशिष्ट्यअनुसार मुख्य शिक्षण प्रयोजनमा एकरूपता नहुन सक्छ । यस्तै व्यावहारिक पक्षको खोजी पनि निष्कर्षमा पुग्नु यस अध्ययनको अभीष्ट रहेको छ ।

## समस्या र उद्देश्य

माध्यमिक तहमा समावेश गरिएका विभिन्न भाषिक विधाहरूमा उपयोग गरिएका शिक्षण विधिहरूको प्रयोग अवस्था के कस्तो छ भन्ने कुरा अध्ययनको विषय हो । विधा शिक्षण विधिहरूको


सैद्धान्तिक मान्यताअनुरूप शिक्षण कार्यमा तिनको प्रयोग भएनभएको तथा सन्तुलित प्रयोगबारे स्पष्ट अध्ययन अनुसन्धान भएको छैन । भाषिक विधाको विशिष्टता अनुरूप त्यसको प्रयोगबारे मतैक्यता पाइँदैन । उल्लिखित समस्याहरूका बिच प्रस्तुत अध्ययनमा भाषिक विधा शिक्षण विधिहरूको प्रयोगावस्था स्पष्ट पार्ने र शिक्षण विधिहरूको सैद्धान्तिक र प्रयोगात्मक पक्षाका बिचमा उचित सन्तुलनको अध्ययन गर्ने उद्देश्य लिइएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन परिमाणात्मक विधिमा आधारित छ । अनुसन्धानको क्रममा अध्ययन गरिने चरणहरूको परिमाणलाई प्रत्यक्ष रूपमा मापन गरी प्राप्त सङ्ख्यात्मक तथ्याङ्कलाई गणितीय अथवा तथ्याङ्कशास्त्रीय विश्लेषणका विधिद्वारा निष्कर्षमा पुगिने अनुसन्धानलाई परिमाणात्मक अनुसन्धान भनिन्छ (खनाल, २०६७, पृ. ५३) । यस अध्ययनलाई कक्षा ९ र १० मा प्रयोग गरिएका भाषिक विधाहरूको शिक्षण प्रयोजन र विधिहरूको प्रयोग अवस्थाको अध्ययनमा केन्द्रित गरिएको छ । यस कार्यका लागि देशको अधिकांश क्षेत्रको प्रतिनिधित्व हुने गरी माध्यमिक तह नेपाली विषय अध्यापनरत शिक्षक तथा नेपाली भाषा विषयविज्ञ ३० जनालाई जनसङ्ख्याका रूपमा समावेश गरिएको छ । तिनीहरूबाट माध्यमिक तह नेपाली भाषामा समावेश भाषिक विधा शिक्षणका लागि उपयोग गर्ने शिक्षण विधिको बारेमा जानकारी लिन १५ वटा प्रश्न निर्माण गरी गुगल फाराममार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कको साङ्ख्यिकीय विश्लेषण गरी माध्यमिक तहमा नेपाली विषयमा विधा शिक्षण गर्दा प्रयोग गरिने विधिहरूको प्राथमिकीकरण खोज्ने प्रयास गरिएको छ । साथै भाषिक विधा शिक्षणका विधिहरूको सैद्धान्तिक मान्यता र प्रयोगावस्थाको तुलनात्मक अध्ययन गरी निष्कर्षमा पुगिएको छ ।

## सैद्धान्तिक आधार र विश्लेषणात्मक ढाँचा

माध्यमिक तहमा भाषिक विधा शिक्षण विधिहरूको प्रयोग स्थिति अध्ययनका लागि नेपाली भाषा शिक्षण, भाषिक विधा शिक्षण, नेपाली भाषा शिक्षणका सन्दर्भहरूलाई प्रमुख सैद्धान्तिक आधार मानिने छ । यसका लागि पौडेल (२०७६), शर्मा र पौडेल (२०७६), अधिकारी (२०६९), घिमिरे (२०७७), रुथरफोर्ड (सन् २००६), हार्मर (सन् २००८) आदिका सन्दर्भ सामग्रीलाई उपयोग गरिएको छ ।




## व्याख्या विश्लेषण

यस अध्ययनका लागि जनसङ्ख्या छनोट गर्दा देशको अधिकांश भूगोलको प्रतिनिधित्व हुने गरी नेपाली विषयका विज्ञ प्रशिक्षक तथा माध्यमिक तहमा नेपाली विषय अध्यापन गरिरहेका ३० जनालाई लिइएको छ । निर्धारित सूचकलाई १५ वटा वैकल्पिक उत्तर दिन मिल्ने प्रश्न सोधिएको छ । गुगल सर्वेक्षणबाट उत्तर सङ्कलन गरी भाषिक विधा शिक्षणको प्रयोजन तथा शिक्षण विधिको प्रयोग अवस्थालाई प्रतिशतमा प्रस्तुत गरिएको छ ।

### कविता शिक्षणको मुख्य प्रयोजन

कविता भावात्मक सौन्दर्य, लयात्मक सौन्दर्य र अनुभूतिजन्य संवेग सौन्दर्यको प्रस्फुटन हुने भएकाले तिनै सौन्दर्यको आस्वादन नै कविता शिक्षणको मुख्य ध्येय हुनुपर्छ (शर्मा र पौडेल, २०७६, पृ. ४९) । सैद्धान्तिक रूपमा लयात्मकता विकासका लागि कविता शिक्षण गरिने भनिएको छ । यद्यपि गुगल सर्वेक्षणबाट प्राप्त नतिजालाई यसप्रकार प्रस्तुत गरिएको छ :

*कविता शिक्षणको मुख्य प्रयोजन*

| प्रयोजन | लयबद्ध शिक्षणका लागि | बोध क्षमता विकासका लागि | शब्दभण्डार क्षमता विकासका लागि | चारओटै भाषिक सिप विकासका लागि |
|---|---|---|---|---|
| प्राप्त नतिजा प्रतिशतमा | १६.७% | ६.७% | ३.३% | ७३.३% |

गुगल सर्वेक्षणको नतिजाअनुसार सबैभन्दा धेरै अर्थात् ७३.३% ले कविता शिक्षणको मुख्य प्रयोजन चारओटै भाषिक सिपको विकास गर्नु हो भनेका छन् भने सबैभन्दा थोरै अर्थात् ३.३% ले शब्दभण्डार क्षमता विकासका लागि भन्ने विकल्प छनोट गरेका छन् । यस अध्ययनका आधारमा कविता विधा शिक्षणको मुख्य प्रयोजन चारओटै भाषिक सिपको विकास गर्नु रहेको तथ्य पुष्टि हुन्छ । त्यसपछि क्रमशः लयबद्ध शिक्षण, बोध क्षमता र शब्दभण्डार क्षमताको विकासमा उपयोग गर्न सकिने मत देखिएको छ । सैद्धान्तिक रूपमा कविता शिक्षणको विधागत वैशिष्ट्य लयबद्ध शिक्षण भए पनि तथ्यले सिप विकासमा नै जोड दिएको देखिन्छ ।

**कविता शिक्षणका लागि बढी उपयोगी विधि**

कविता शिक्षणका विविध विधिहरूको उपयोग गर्न सकिन्छ । कविता/काव्य शिक्षणका विविध विधिमध्ये कक्षाको स्तर हेरी उपयुक्त र एकभन्दा बढी विधिको संलग्नता पनि आवश्यक हुनसक्छ (पौडेल, २०७६, पृ. ४३) । विद्यार्थीको रुचि र कक्षागत स्तरले शिक्षण विधि निर्धारणमा भूमिका खेलेको हुन्छ ।

*कविता शिक्षणका लागि बढी उपयोगि विधि*

| विधि | गीत तथा अभिनय विधि | अर्थबोध विधि | व्याख्या विधि | खण्डान्वय विधि | व्यास विधि | तुलनात्मक विधि | समीक्षा विधि |
|---|---|---|---|---|---|---|---|
| प्राप्त नतिजा प्रतिशतमा | ७०% | १०% | ३.३% | १०% | ० | ३.३% | ३.३% |

गुगल सर्वेक्षणको नतिजाअनुसार सबैभन्दा धेरै अर्थात ७०% ले 'गीत तथा अभिनय विधि' कविता शिक्षणमा सबैभन्दा बढी उपयोगी हुने उल्लेख गरेका छन् । 'अर्थबोध विधि' र 'खण्डान्वय विधि' बढी उपयोगी हुने भन्ने मत समान १०/१० प्रतिशतले उल्लेख गरेका छन् भने 'व्यास विधि' उपयोगी हुने भन्ने मत कसैले पनि राखेका छैनन् । यस अध्ययनका आधारमा कविता शिक्षणमा लागि 'गीत तथा अभिनय विधि' बढी उपयोगी रहेको तथ्य पुष्टि हुन्छ त्यसपछि क्रमशः 'अर्थबोध विधि', 'खण्डान्वय विधि', 'व्याख्या विधि, तुलनात्मक विधि, समीक्षा विधि र व्यास विधिहरूको उपयोग' गर्न सकिने मत रहेको देखिन्छ । सैद्धान्तिक रूपमा तल्ला कक्षाहरूमा कविता शिक्षणका लागि 'गीत तथा अभिनय विधि' उपयोगी हुने उल्लेख भएपनि तथ्यले माथिल्ला कक्षामा पनि यसै विधिलाई उपयोगी विधिका रूपमा स्वीकार गरेको पाइन्छ । त्यसैगरी 'व्यास विधि' कुनै पनि उत्तरदाताले छनोट नगरेको हुँदा माध्यमिक तहमा यस विधिको प्रयोग सान्दर्भिक नहुने तथ्य पुष्टि हुन्छ ।

*पद्य र गद्य कवितामार्फत शिक्षण गर्दा हुने भिन्नता*

माध्यमिक तहमा कविताका दुवै भेद गद्य र पद्यको व्यवस्था रहेको छ । दुवै भेदका छुट्टाछुट्टै मौलिक विशेषतासमेत रहेका छन् ।

| भिन्नता | रुचि सिर्जना हुने र नहुने | वाचनमा समस्या हुने र नहुने | विद्यार्थी प्रभावित हुने र नहुने | भावबोधमा कठिनाइ हुने र नहुने |
|---|---|---|---|---|
| तुलनाको नतिजा प्रतिशतमा | ४३.३% | २०% | २०% | १६.७% |

प्राप्त नतिजाअनुसार पद्य र गद्य कवितामार्फत शिक्षण गर्दा 'रुचि सिर्जना हुने र नहुने' खालको भिन्नता देखिन्छ भन्ने विकल्प छनोट सबैभन्दा धेरै अर्थात् ४३.३ प्रतिशतले गरेका छन् । सबैभन्दा थोरै अर्थात् १६.७% ले 'भावबोधमा कठिनाइ हुने र नहुने' भन्ने विकल्प छनोट गरेका छन् भने समान २०/२० % उत्तरदाताले 'विद्यार्थी प्रभावित हुने र नहुने' तथा 'वाचनमा समस्या हुने र नहुने' भन्ने विकल्प छनोट गरेका छन् । यस अध्ययनका आधारमा गद्य र पद्य कवितामार्फत हुने शिक्षणमा 'रुचि सिर्जना हुने र नहुने' भिन्नता सबैभन्दा बढी रहेको देखिन्छ भने त्यसपछि क्रमशः रचनामा समस्या हुने र नहुने, विद्यार्थी प्रभावित हुने र नहुने, भावबोधमा कठिनाइ हुने र नहुने मत रहेको देखिन्छ । प्राप्त तथ्यले गद्य र पद्य कवितामार्फत हुने शिक्षणले रुचि सिर्जना हुने र नहुने भिन्नता मुख्य भएको पुष्टि गर्दछ ।

**कविताप्रति रुचि जागृत गर्नका लागि गरिने कार्य**

कविता/काव्य शिक्षणलाई पाठ्यक्रममा मात्र सीमित नगरी अन्य सहकार्यकलाप पनि गराउनाले विद्यार्थीहरूमा कविता/काव्यप्रति रुचि सम्वर्धन हुनुका साथै आकर्षण पनि बढ्दै जान्छ (पौडेल, २०७६, पृ. ४८) । यस कार्यले विद्यार्थीहरूको समग्र पठनपाठनमा नै रुचि अभिवृद्धि हुन जान्छ ।

कविता तुलनात्मक रूपमा बढी रसयुक्त विधा भएकाले विद्यार्थीहरूको आकर्षण कविताप्रति बढी हुनु स्वभाविक छ ।

| कार्य | अन्त्याक्षरी | समस्यापूर्ति लेखन | कवि सम्मेलन | कवि समादर |
|---|---|---|---|---|
| प्राप्त नतिजा प्रतिशतमा | ४०% | २०% | ३०% | १०% |

माध्यमिक तहमा कविता शिक्षणप्रति रुचि जागृत गर्नका लागि गरिने मुख्य कार्यमा 'अन्त्याक्षरी' भन्ने विकल्प छनोट गर्ने उत्तरदाता सबैभन्दा धेरै अर्थात् ४० % रहेका छन् । 'कवि सम्मेलनबाट रुचि जागृत गर्ने' भन्ने विकल्प ३० % उत्तरदाताले छनोट गरेका छन् । २०% उत्तरदाताले 'समस्यापूर्ति लेखन' भन्ने विकल्प छनोट गरेका छन् भने सबैभन्दा थोरै अर्थात् १०% उत्तरदाताले 'कवि समादर' भन्ने विकल्प छनोट गरेका छन् । यस अध्ययनले अन्त्याक्षरीमार्फत कविता विधाप्रति रुचि जागृत हुने तथ्य स्थापित भएको छ भने त्यसपछि क्रमशः कवि सम्मेलन, समस्यापूर्ति लेखन र कवि समादर मार्फत कविता विधाप्रति रुचि जागृत गर्न सकिने मत प्रकट भएको छ । उल्लिखित मतलाई सैद्धान्तिक कोणबाट समेत उचित मान्न सकिन्छ ।

### निबन्ध विधा शिक्षणको प्रयोजन

निबन्ध शिक्षणबाट भाषा र साहित्यका विविध क्षेत्रमा सहयोग पुग्दछ । निबन्ध लेखनको मुख्य प्रयोजन लेखन कलाको समुचित विकास गराउनु हो (शर्मा र पौडेल, २०६७, पृ. २६८) । यसबाट लेखन कलाको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

*निबन्ध विधा शिक्षणको प्रयोजन*

| प्रयोजन | लेखनकलाको समुचित विकास | शब्दभण्डारको अभिवृद्धि र चुस्त अभिव्यक्ति | प्रौढलेखन क्षमताको विकास | बोध र अभिव्यक्ति विकास |
|---|---|---|---|---|
| नतिजा प्रतिशतमा | ३३.३% | ६.७% | १६.७% | ४३.३% |

प्रस्तुत गुगल सर्वेक्षणबाट सबैभन्दा बढी अर्थात् ४३.३% उत्तरदाताले निबन्ध विधा शिक्षणको मुख्य प्रयोजन 'बोध र अभिव्यक्तिको विकास गर्नु' भन्ने विकल्प छनोट गरेका छन् । 'लेखनकलाको समुचित विकास' भन्ने विकल्प ३३.३ % उत्तरदाताले छनोट गरेका छन् । 'प्रौढ लेखन क्षमताको विकास' भन्ने विकल्प १६.७% उत्तरदाताले छनोट गरेका छन् भने सबैभन्दा थोरै ६.७ % उत्तरदाताले 'शब्दभण्डारको अभिवृद्धि र चुस्त अभिव्यक्ति' भन्ने विकल्प छनोट गरेका छन् । यस अध्ययनबाट निबन्ध विधा शिक्षणको मुख्य प्रयोजन 'बोध र अभिव्यक्ति क्षमताको विकास' गर्नु रहेको तथ्य पुष्टि भएको छ भने त्यसपछि क्रमशः लेखन कलाको समुचित विकास, प्रौढ लेखन क्षमताको विकास, शब्दभण्डार अभिवृद्धि र चुस्त अभिव्यक्ति जस्ता प्रयोजन हुने मत प्रकट भएको छ । यद्यपि सैद्धान्तिक रूपमा लेखन कलाको समुचित विकासलाई निबन्ध शिक्षणको मुख्य प्रयोजन भन्ने गरिएको भएपनि तथ्यले 'बोध र अभिव्यक्ति क्षमताको विकास' निबन्ध शिक्षणको मुख्य प्रयोजन हुने मत प्रकट गरेको छ ।

### निबन्ध विधा शिक्षणका लागि उपयोगी विधि

निबन्ध लेखन शिक्षण र निबन्ध शिक्षण भिन्न-भिन्न कुरा हुन् । निबन्ध लेखन शिक्षणअन्तर्गत विभिन्न किसिमका लेखन (यान्त्रिक/अभ्यासिक लेखन, निर्देशित लेखन, स्वतन्त्र र सिर्जनात्मक लेखन) का कार्यकलापहरू गराइन्छ (ढकाल र खतिवडा, पृ. ९५) । निबन्ध लेख्नुको मुख्य प्रयोजन कुनै वस्तु, घटना, कार्य, चरित्र आदि बारेका आफ्ना विचार, भावना, आस्था, प्रतिक्रिया वा अभिप्राय अभिव्यक्त गरी ती प्रति पाठकलाई आनन्दपूर्वक सम्मत गराउनु हो (एटम, २०७४, पृ. १३२) । रुथरफोर्ड (सन् २००६) ले सम्प्रेषणात्मक लेखन र प्राज्ञिक लेखनलाई भाषा शिक्षण विधिको महत्त्वपूर्ण अङ्गका रूपमा चर्चा गरेका छन् । यसको सम्बन्ध निबन्ध शिक्षणसित बढी निकट देखिन्छ ।

*निबन्ध विधा शिक्षणका लागि उपयोगी विधि*

| विधि | प्रवचन विधि | प्रस्तुतीकरण विधि | पठनबोध विधि | समीक्षा विधि | स्वाध्ययन र मन्त्रणा विधि | सूत्र | छलफल तथा प्रश्नोत्तर विधि |
|---|---|---|---|---|---|---|---|
| नतिजा प्रतिशत | ३.३% | २०% | ३०% | ६.७% | १०% | ३.३% | २६.७% |

निबन्ध विधा शिक्षणका लागि सबैभन्दा बढी उपयोगी विधि रूपमा पठनबोध विधि भन्ने विकल्प ३०% उत्तरदाताले छनोट गरेका छन् । 'प्रवचन विधि' ३.३% उत्तरदाताले छनोट गरेका छन् । 'प्रस्तुतीकरण विधि' २०% उत्तरदाताले छनोट गरेका छन् । 'समीक्षा विधि' ६.७% उत्तरदाताले छनोट गरेका छन् । 'स्वाध्ययन र मन्त्रणा' १०% उत्तरदाताले छनोट गरेका छन् । 'सूत्र विधि' ३.३% उत्तरदाताले छनोट गरेका छन् भने 'छलफल तथा प्रश्नोत्तर विधि' २६.७% उत्तरदाताले छनोट गरेका छन् । यस अध्ययनबाट निबन्ध विधा शिक्षणका लागि मुख्य उपयोगी विधिको रूपमा 'पठनाबेध विधि' रहेको तथ्य प्रष्ट भएको छ । यद्यपि यस विधिको मुख्य प्रयोजन 'बोध र अभिव्यक्ति क्षमता विकास गर्नु' हो (घिमिरे, २०७७, पृ. ८४) । यसर्थ निबन्ध विधा शिक्षणका लागि उपयोगी विधिको रूपमा पठनबोध छनोट गर्ने कुरा सैद्धान्तिक रूपमा पनि उचित रहेको छ ।

**आत्मपरक र वस्तुपरक निबन्ध शिक्षणमा भिन्नता**

निबन्ध शब्द 'बन्ध' आधार पदमा 'नि' उपसर्ग लागेर बनेको शब्द हो । यसको शाब्दिक अर्थ चारैतिरबाट बाँधिएको रचना भन्ने हुन्छ, तसर्थ निबन्धलाई दरिलो र कसिलो शैलीमा रचना गरिने गद्य रचना हो भन्न सकिन्छ (घिमिरे, २०७७, पृ. ८०) । यसमा प्रौढ भाषाशैलीको प्रयोग वाञ्छित मानिन्छ ।

*आत्मपरक र वस्तुपरक निबन्ध शिक्षणमा भिन्नता*

| भिन्नता | भावबोधमा कठिनाइ हुने र नहुने | रुचि सिर्जना हुने र नहुने | विद्यार्थी प्रभावित हुने र नहुने | वाचनमा कठिनाइ हुने र नहुने |
|---|---|---|---|---|
| नतिजा प्रतिशतमा | ६६.७% | २३.३% | ६.७% | ३.३% |

आत्मपरक र वस्तुपरक निबन्ध शिक्षण गर्दा हुने भिन्नतामा 'भावबोधमा कठिनाइ हुने र नहुने' भन्ने विकल्प सबैभन्दा धेरै अर्थात् ६६.७% उत्तरदाताले छनोट गरेका छन् । 'रुचि सिर्जना हुने र नहुने' विकल्प २३.३% उत्तरदाताले छनोट गरेका छन् । 'विद्यार्थी प्रभावित हुने र नहुने' भन्ने विकल्प ६.७% ले छनोट गरेका छन् भने 'वाचनमा कठिनाइ हुने र नहुने' भन्ने विकल्प सबैभन्दा थोरै अर्थात् ३.३% उत्तरदाताले छनोट गरेका छन् । यस अध्ययनबाट आत्मपरक निबन्ध र वस्तुपरक निबन्ध शिक्षणमा देखिने प्रमुख भिन्नता 'भावबोधमा कठिनाइ हुने र नहुने' रहेको तथ्य स्पष्ट भयो । उल्लिखित तथ्य सैद्धान्तिक रूपमा पनि उचित रहेको देखिन्छ ।

## निबन्ध विधाप्रति रुचि जागृत गर्नका लागि गरिने कार्य

माध्यमिक तहमा निबन्ध विधाप्रति रुचि जगाइ शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन शिक्षकले विभिन्न कार्यहरू गर्दै आएका छन् । विभिन्न कार्यमध्ये कुन कार्य बढी प्रभावकारी हुन्छ ? भन्ने प्रश्नको गुगल सर्वेक्षणबाट निम्नानुसारको नतिजा प्राप्त भएको छ ।

*निबन्ध विधाप्रति रुचि जागृत गर्नका लागि गरिने कार्य*

| कार्य | बुँदा दिएर निबन्ध लेख्न लगाउने | शीर्षक दिएर निबन्ध लेख्न लगाउने | मन परेको शीर्षकमा स्वतन्त्र रूपमा लेख्न लगाउने | निबन्ध वाचन गरेर सुनाउने |
|---|---|---|---|---|
| नतिजा प्रतिशतमा | ३६.७% | १०% | ५०% | ३.३% |

निबन्ध विधाप्रति रुचि जागृत गर्नका लागि 'मन परेको शीर्षकमा स्वतन्त्र रूपमा लेख्न लगाउने' भन्ने विकल्प सबैभन्दा धेरै अर्थात् ५०% उत्तरदाताले छनोट गरेका छन् । 'बुँदा दिएर निबन्ध लेख्न लगाउने' भन्ने विकल्प ३६.७% उत्तरदाताले छनोट गरेका छन् । शीर्षक दिएर स्वतन्त्र रूपमा निबन्ध लेख्न लगाउने' भन्ने विकल्प १०% उत्तरदाताले छनोट गरेका छन् । सबैभन्दा थोरै अर्थात् ३.३ % उत्तरदाताले 'निबन्ध वाचन गरेर सुनाउने' भन्ने विकल्प छनोट गरेका छन् । यस अध्ययनले निबन्ध विधाप्रति रुचि जागृत गराउनका लागि गरिने कार्यमध्ये 'मन परेको शीर्षकमा स्वतन्त्र रूपमा लेख्न लगाउने' कार्य बढी प्रभावकारी हुने तथ्य स्पष्ट छ । यस तथ्यलाई सैद्धान्तिक रूपमा पनि उचित मान्न सकिन्छ । त्यसैगरी 'निबन्ध वाचन गरेर सुनाउने' कार्यले निबन्ध विधाप्रति रुचि जनाउन सकिने तथ्य पुष्टि भएको छ ।

## कथा विधा शिक्षणको प्रयोजन

विद्यार्थीको भाषिक सिप विकासका दृष्टिले कथा विधाको शिक्षण अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यसबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सिप सम्बद्ध शब्दोच्चारण, सस्वरपठन, मौनपठन, श्रुतिबोध, पठनबोध जस्ता क्षमताको वृद्धि गर्न सकिन्छ (घिमिरे, २०७७, पृ. २४ र २५) । समग्रमा कथा विधामार्फत भाषाका बोध र अभिव्यक्ति क्षमताको सन्तुलित विकास हुन्छ ।

*कथा विधा शिक्षणको प्रयोजन*

| प्रयोजन | भाषाका चारवटै सिपमा समानुपातिक विकास | नैतिक उपदेश, चरित्र निर्माण र सिर्जना शक्ति बढाउनका लागि | जीवन र जगतका बाह्य तथा आन्तरिक पक्षहरूसँग परिचित गराउनका लागि | साहित्यको आस्वादन गराउनु र कथाको मूल्यबोध गराउनु |
|---|---|---|---|---|
| नतिजा प्रतिशतमा | ६०% | २६.७% | १३.३% | ०% |

माध्यमिक तहमा कथा विधा शिक्षणको मुख्य प्रयोजन 'भाषाका चारवटै सिपको समानुपातिक विकास गर्नु' भन्ने विकल्प सबैभन्दा धेरै अर्थात् ६०% उत्तरदाताले छनोट गरेका छन् । नैतिक उपदेश, चरित्र निर्माण र सिर्जना शक्ति बढाउन भन्ने विकल्प २६.७ % ले उत्तरदाताले छनोट गरेका छन् । 'जीवन र जगतका बाह्य तथा आन्तरिक पक्षहरूसँग परिचित गराउन' भन्ने विकल्प १३.३% उत्तरदाताले छनोट गरेका छन् भने 'साहित्यको आस्वादन गराउनु' र 'कथाको मूल्यबोध गराउनु' भन्ने विकल्प कुनै पनि उत्तरदाताले छनोट गरेका छैनन् । प्रस्तुत अध्ययनबाट कथा विधा शिक्षणको मुख्य प्रयोजन भाषाका चारवटै सिपमा समानुपातिक विकास गर्नु रहेको तथ्य प्रष्ट हुन्छ । भाषा शिक्षणका दृष्टिले यस तथ्यलाई उचित नै मानिन्छ । यद्यपि सैद्धान्तिक दृष्टिले कथा शिक्षणको मुख्य आवश्यकता र प्रयोजन जीवन, जगतका बाह्य र आन्तरिक पक्षसँग परिचित गराउनु हो (पौडेल, २०७६, पृ. ६२) । उल्लिखित सन्दर्भलाई हेर्दा सैद्धान्तिक मान्यता र व्यावहारिक प्रयोग स्थितिका बिच तालमेल देखिँदैन । त्यसैगरी कथा शिक्षणको प्रयोजन साहित्यको आस्वादन गराउनु र कथाको मूल्यबोध गराउन नहुने भन्ने तथ्य प्राप्त भएको छ ।

**कथा विधा शिक्षणका लागि उपयोगि विधि**

कथा शिक्षणका लागि अर्थापन/ व्याख्यान, छलफल/प्रश्नोत्तर, तुलना कक्षा प्रस्तुतीकरण, पठनबोध आदि जस्ता मुख्य विधि तथा उक्त विधिहरूका शिक्षण प्रक्रियाहरू अपनाएर शिक्षण गर्दा प्रभावकारी हुने देखिन्छ (घिमिरे, २०७७, पृ. ८८) । विद्यार्थीको तह, स्तर र रुचिअनुसारको विधि छनोट गरी शिक्षण गर्नु सान्दर्भिक हुन्छ ।

*कथा विधा शिक्षणका लागि उपयोगी विधि*

| विधि | व्याख्यान विधि | छलफल तथा प्रश्नोत्तर | समीक्षा विधि | परियोजना विधि | पठनबोध विधि | कक्षा प्रस्तुतीकरण विधि | तुलना विधि |
|---|---|---|---|---|---|---|---|
| नतिजा प्रतिशतमा | ६.७% | ३३.३% | १०% | ३.३% | २०% | २६.७% | ०% |

माध्यमिक तहमा कथा विधा शिक्षणका लागि सबैभन्दा बढी उपयोगी विधाका रूपमा 'छलफल तथा प्रश्नोत्तर विधि' सबैभन्दा बढी ३३.३% उत्तरदाताले छनोट गरेका छन् । 'कक्षा प्रस्तुतीकरण विधि' २६.७% ले छनोट गरेका छन् । 'पठनबोध विधि' २०% ले छनोट गरेका छन् । 'समीक्षा विधि' १०% ले छनोट गरेका छन् । 'व्याख्यान विधि' ६.७% ले छनोट गरेका छन् । 'परियोजना विधि' सबैभन्दा थोरै अर्थात् ३.३% ले मात्रै छनोट गरेका छन् । 'तुलना विधि' भने कसैले पनि छनोट गरेका छैनन् । यस अध्ययनले कथा विधा शिक्षण गर्दा सबैभन्दा उपयोगी विधिका रूपमा 'छलफल तथा प्रश्नोत्तर विधि' प्रयोग गर्नु उचित हुने तथ्य प्रकट भएको छ भने 'तुलना विधि' उचित नहुने मत प्राप्त भएको छ ।

## कथा विधा शिक्षण गर्दा सुरुमा अवलम्बन गर्नुपर्ने प्रक्रिया

घिमिरे (२०७७) का अनुसार कथा विधा शिक्षण क्रियाकलाप सञ्चालन गर्दा प्रस्तावना, प्रस्तुतीकरण, छलफल/प्रश्नोत्तर, पुनरावृत्ति र गृहकार्यलाई क्रमशः सञ्चालन गर्नुपर्दछ । पौडेल (२०७६) ले कथा/उपन्यासको शिक्षण क्रमलाई प्रस्तावना, कथा कथन, कठिन शब्दको निराकरण, प्रश्नोत्तर, व्याख्या तथा विश्लेषण र विशिष्ट पङ्क्तिको व्याख्या गरी प्रस्तुत गरेका छन् । यसरी हेर्दा विद्वान्हरूले कथा शिक्षणको सुरु प्रस्तावनाबाट हुने कुरा उल्लेख गरेका छन् ।

*कथा विधा शिक्षण गर्दा सुरुमा अवलम्बन गर्नुपर्ने प्रक्रिया*

| प्रक्रिया | प्रस्तावना | कथा कथन | कठिन शब्दको निराकरण | प्रश्नोत्तर | व्याख्या तथा विश्लेषण | विशिष्ट पङ्क्ति को व्याख्या |
|---|---|---|---|---|---|---|
| नतिजा प्रतिशतमा | ३०% | ३३.३% | २६.७% | ३.३% | ६.७% | ०% |

माध्यमिक तहमा कथा शिक्षण गर्दा सुरुमा कथा कथन गर्नुपर्छ भन्ने उत्तरदाता सबैभन्दा धेरै अर्थात् ३३.३% रहेका छन् । 'प्रस्तावनाबाट सुरु गर्नुपर्छ' भन्ने ३०% रहेका छन् । कठिन शब्दको निराकरणबाट सुरु गर्नुपर्छ भन्ने २६.७% उत्तरदाता रहेका छन् । 'प्रश्नोत्तरबाट सुरु गर्नुपर्छ' भन्ने ३.३% रहेका छन् । 'व्याख्या तथा विश्लेषणबाट सुरु गर्नुपर्छ' भन्ने ६.७% रहेका छन् भने 'विशिष्ट पङ्क्तिको व्याख्याबाट सुरु गर्नुपर्छ' भन्ने विकल्प कसैले पनि छनोट गरेका छैनन् । यस अध्ययनबाट कथा विधा शिक्षण गर्दा सुरुमा 'कथा कथन' गर्नुपर्छ भन्ने तथ्य प्रकट भएको छ । यद्यपि कथा शिक्षणको प्रक्रियाको प्रारम्भ 'प्रस्तावनाबाट हुनुपर्छ भन्ने सैद्धान्तिक मान्यता रहिआएको छ । प्रस्तुत तथ्यबाट कथा शिक्षणको प्रारम्भ विशिष्ट पङ्क्तिको व्याख्याबाट गर्न नहुने निष्कर्ष निकाल्न सकिन्छ ।

## कथा विधाप्रति रुचि जागृत गर्न गरिने कार्य

घिमिरे (२०७७) का अनुसार कथा विधाप्रति रुचि जगाउन घटना वर्णन, चरित्र वर्णन, कथा कथन, स्तर अनुरूपका सामग्री सुन्न र पढ्न लगाउनेजस्ता कार्यकलाप गर्न सकिन्छ ।

*कथा विधाप्रति रुचि जागृत गर्न गरिने कार्य*

| कार्यकलाप | विद्यार्थीको पूर्व जानकारीका आधारमा लोककथा भन्न लगाउने | कथा वाचन गरी विद्यार्थीलाई सुनाएर | लघुकथा विद्यार्थीलाई सुनाएर | कथाकारको परिचय दिएर वा तस्वीर कक्षामा राखेर |
|---|---|---|---|---|
| नतिजा प्रतिशतमा | ६३.३% | २०% | १३.३% | ३.३% |

माध्यमिक तहका कथा विधाप्रति रुचि जागृत गर्नका लागि 'विद्यार्थीहरूको पूर्व जानकारीका आधारमा लोककथा भन्न लगाउने' भन्ने विकल्प सबैभन्दा धेरै अर्थात् ६३.३% उत्तरदाताले छनोट गरेका छन् । 'कथा वाचन गरी विद्यार्थीलाई सुनाएर' भन्ने विकल्प २०% उत्तरदाताले छनोट गरेका छन् । 'लघुकथा, लोककथा वाचन गरेर' भन्ने विकल्प १३.३% ले छनोट गरेका छन् भने सबैभन्दा थोरै अर्थात् ३.३ % उत्तरदाताले 'कथाकारको परिचय दिएर वा तस्वीर कक्षामा राखेर' भन्ने विकल्प छनोट गरेका छन् । यस अध्ययनबाट माध्यमिक तहमा कथा विधाप्रति रुचि जागृत गराउनका लागि गरिने कार्यहरूमध्ये सबैभन्दा प्रभावकारी कार्यका रूपमा विद्यार्थीको पूर्व जानकारीका आधारमा लोककथा भन्न लगाउने कार्य गर्न सकिन्छ भन्ने तथ्य प्रकट भएको छ । यो मतलाई सैद्धान्तिक रूपमा पनि उपयुक्त मान्न सकिन्छ । कथाकारको परिचय दिएर वा तस्वीर कक्षामा राखेर विद्यार्थीहरूमा कथाप्रति रुचि जगाउने कार्य त्यति प्रभावकारी नहुने तथ्य प्राप्त भयो ।

**नाटक तथा एकाङ्की शिक्षणको मुख्य प्रयोजन**

नाटक भन्नाले अनुकरण र अभिनयले युक्त रसभावपूर्ण संवादात्मक काव्यरचना भन्ने रचना बुझ्नुपर्दछ (न्यौपाने, २०६५, पृ. २) । यस विधामा अभिनय र अनुकरणलाई जोड दिएको पाइन्छ । नाटक तथा एकाङ्कीबाट भावानुकूल मौखिक अभिव्यक्ति दिने तथा संवादात्मक क्षमता विकासको गर्ने उद्देश्य राखिन्छ (घिमिरे, २०७७, पृ. ७४) । घिमिरेका अनुसार भाव अनुकूलको अभिव्यक्ति विकास र संवादात्मक क्षमता विकास गर्ने कार्यमा नाटकको जोड रहने देखिन्छ । मौखिक अभिव्यक्तिसँगै हाउभाउको विकास गर्ने प्रयोजन नाटक एकाङ्की शिक्षणको रहेको हुन्छ । खिन्न चित्त भएका र दुःखी व्यक्तिहरूको अन्तस्तलमा आनन्दका लहरहरू उत्पन्न गर्नमा नाटक एकाङ्कीको पठन, दर्शन वा श्रवण विशेष सहयोगी र उपयोगी हुन सक्छ ।

*नाटक तथा एकाङ्की शिक्षणको मुख्य प्रयोजन*

| प्रयोजन | अवसरानुकूल संवाद कलाको विकास गरी अभिव्यक्ति कुशलता बढाउनु | अभिनय क्षमता बढाइ स्वस्थ मनोवाद गराउनु | विभिन्न परिस्थितिको ज्ञान गराउनु | मानव चरित्र पहिचान क्षमता बढाइ हितकार उपदेश दिनु |
|---|---|---|---|---|
| नतिजा प्रतिशतमा | ५६.७% | ३०% | १०% | ३.३% |

नाटक, एकाङ्की शिक्षणको मुख्य प्रयोजनमा 'अवसरानुकूल' संवाद कलाको विकास गरी अभिव्यक्ति कुशलता बढाउनु' भन्ने विकल्प सबैभन्दा धेरै अर्थात् ५६.७% ले छनोट गरेका छन् । 'अभिनय क्षमता बढाइ स्वस्थ मनोवाद गराउनु' भन्ने विकल्प ३०% उत्तरदाताले छनोट गरेका छन् । 'विभिन्न परिस्थितिको ज्ञान गराउनु' भन्ने विकल्प १०% उत्तरदाताले छनोट गरेका छन् । भने सबैभन्दा थोरै अर्थात्

३.३% उत्तरदाताले मानव चरित्र पहिचान क्षमता बढाइ हितकर उपदेश दिनु' भन्ने विकल्प छनोट गरेका छन् । यस अध्ययनबाट नाटक एकाङ्की शिक्षणको मुख्य प्रयोजन अवसरानुकूल संवाद कलाको विकास गरी अभिव्यक्ति कुशलता बढाउनु हो भन्ने तथ्य प्रकट भएको छ । यस तथ्यलाई सैद्धान्तिक आधारमा पनि उपयुक्त मानिन्छ । अवसरअनुसार संवाद गर्न कुशल बनाउनु नाटक/एकाङ्की शिक्षणको मुख्य आवश्यकता वा प्रयोजन हो (पौडेल, २०७६, पृ. ५२) । समय परिस्थितिअनुसार हाउभाउसहित आफ्ना कुरा राख्न सक्ने क्षमता विकासमा नाटक/एकाङ्की शिक्षणले टेवा पुर्‍याउँछ ।

**नाटक एकाङ्की विधा शिक्षणका लागि बढी उपयोगी विधि**

पौडेल (२०७६) ले नाटक एकाङ्की शिक्षणका मुख्य विधिहरूअन्तर्गत व्याख्यान विधि, आदर्श नाट्य विधि, रङ्गमञ्च अभिनय विधि, कक्षा अभिनय विधि, संयुक्त विधि र समीक्षा तथा विश्लेषण पर्ने कुरा उल्लेख गरेका छन् । उल्लिखित विधिहरूमध्ये आवश्यकताअनुसार उपयुक्त विधि प्रयोग गरेर कक्षा शिक्षणलाई रुचिपूर्ण बनाउनु पर्छ ।

*नाटक एकाङ्की विधा शिक्षणका लागि बढी उपयोगी विधि*

| विधि | कक्षा अभिनय विधि | रङ्गमञ्च अभिनय विधि | आदर्श नाट्य विधि | व्याख्यान विधि | संयुक्त विधि | समीक्षा तथा विश्लेषण विधि |
|---|---|---|---|---|---|---|
| नतिजा प्रतिशतमा | ४६.७% | ३०% | १३.३% | ६.७% | ३.३% | ०% |

नाटक तथा एकाङ्की विधा शिक्षणका लागि बढी उपयोगी विधिमा रूपमा 'कक्षा अभिनय विधि' सबैभन्दा धैरै अर्थात् ४६.७% उत्तरदाताले छनोट गरेका छन् । 'रङ्गमञ्च अभिनय विधि' ३०% उत्तरदाताले छनोट गरेका छन् । 'आदर्श नाट्य विधि' १३.३% उत्तरदाताले छनोट गरेका छन् । 'व्याख्यान विधि' ६.७% उत्तरदाताले छनोट गरेका छन् । 'संयुक्त विधि' ३.३% उत्तरदाताले छनोट गरेका छन् । भने 'समीक्षा तथा विश्लेषण विधि' कसैले पनि छनोट गरेका छैनन् । नाटक/एकाङ्की शिक्षण गर्दा विद्यार्थीको स्तर र आवश्यकताअनुसार विभिन्न विधिहरूको उपयोग गर्न सकिने भएपनि यस अध्ययनबाट 'कक्षा अभिनय विधि' सबैभन्दा प्रभावकारी हुने तथ्य प्रकट भएको छ । यो तथ्य सैद्धान्तिक रूपले पनि उपयुक्त देखिन्छ । त्यसैगरी प्राप्त तथ्यअनुसार माध्यमिक तहको नाटक/एकाङ्की शिक्षणका लागि समीक्षा तथा विश्लेषण विधि उपयुक्त नहुने देखिन्छ ।

**नाटक तथा एकाङ्की विधा शिक्षण गर्दा सुरुमा अवलम्वन गर्नुपर्ने प्रक्रिया**

पौडेल (२०७६) का अनुसार नाटक एकाङ्कीको शिक्षण क्रम परिचय/प्रस्तावना, सस्वर वाचन, कठिन शब्दको निराकरण, बोध प्रश्नोत्तर, नाटक/एकाङ्कीको समीक्षा, विशिष्ट पङ्क्तिहरूको व्याख्या हुनेछ ।

*नाटक तथा एकाङ्की विधा शिक्षण गर्दा सुरुमा अवलम्वन गर्नुपर्ने प्रक्रिया*

| प्रक्रिया | परिचय तथा प्रस्तावना | सस्वर वाचन | नाटक एकाङ्कीको समीक्षा | कठिन शब्दको निराकरण | विशिष्ट पङ्क्तिको व्याख्या |
|---|---|---|---|---|---|
| नतिजा प्रतिशतमा | ७६.७% | १६.७% | ६.७% | ०% | ०% |

माध्यमिक तहमा नाटक तथा एकाङ्की विधा शिक्षण प्रक्रियाको सुरु 'परिचय तथा प्रस्तावना' बाट गर्नुपर्छ भन्ने विकल्प सबैभन्दा धेरै अर्थात् ७६.७ प्रतिशत उत्तरदाताले छनोट गरेका छन् । 'सस्वर वाचन' भन्ने विकल्प १६.७ % उत्तरदाताले छनोट गरेका छन् । नाटक एकाङ्कीको समीक्षा भन्ने विकल्प ६.७ % उत्तरदाताले छनोट गरेका छन् भने 'कठिन शब्दको निराकरण' र 'विशिष्ट पङ्क्तिको व्याख्या' भन्ने विकल्प कसैले पनि छनोट गरेका छैनन् । नाटक/एकाङ्की विधा शिक्षण प्रक्रियाको प्रारमभ परिचय तथा प्रस्तावनाबाट गर्नुपर्ने सैद्धान्तिक मान्यताबमोजिम नै यस अध्ययनले नाटक/एकाङ्की विधा शिक्षणको प्रारम्भ परिचय तथा प्रस्तावनाबाट गर्नुपर्ने तथ्यलाई पुष्टि गरेको छ । यसकारण प्राप्त तथ्यअनुसार नाटक/एकाङ्की शिक्षणको सुरुवात परिचय तथा प्रस्तावनाबाट गर्नु उपयुक्त देखिन्छ भने 'कठिन शब्दको निराकरण' र विशिष्ट पङ्क्तिको व्याख्याबाट यसको प्रारम्भ गर्नु उपयुक्त देखिँदैन ।

## निष्कर्ष

माध्यमिक तहको नेपाली विषयमा प्रस्तुत भाषिक विधाहरूलाई साहित्यिक र साहित्येतर गरी विभाजन गर्न सकिन्छ । यस लेखमा साहित्यिक विधाहरूकको शिक्षण प्रयोजन, शिक्षण क्रम र शिक्षण विधिको बारेमा अध्ययन गरिएको छ । भाषा विषयमा प्रयुक्त विधाहरूको शिक्षण प्रयोजन मूलतः सिकारुलाई भाषिक सिपमा सक्षम तुल्याउनु हुने भए पनि अन्य प्रयोजन पनि सान्दर्भिक हुन सक्छन् । त्यसैगरी भाषिक विधा शिक्षणको क्रम र शिक्षण विधिको प्रयोग विद्यार्थी रुचि, स्तर, कक्षाको वातावरण, शिक्षकको विज्ञता आदिमा भरपर्ने भए पनि मोटामोटी सैद्धान्तिक मान्यतामा एकरूपता पाउन सकिन्छ । यद्यपि सबै ठाउँमा सैद्धान्तिक मान्यता र व्यावहारिक तथ्यमा एकरूपता नहुन सक्छ ।

प्राप्त तथ्याङ्कको विश्लेषणअनुसार कविता शिक्षणको वैशिष्ट 'लयबद्ध शिक्षण' भएपनि तथ्यले 'भाषिक सिप विकासमा' जोड दिएको छ । कविता शिक्षणका क्रममा तल्ला कक्षामा बढी सान्दर्भिक मानिने 'गीत तथा अभिनय विधि' माथिल्ला कक्षामा पनि उपयोग गरएको पाइयो । गद्य र पद्य कवितामार्फत शिक्षण गर्दा हुने भिन्नताका रूपमा 'रुचि सिर्जना हुने वा नहुने' मत सर्वाधिक देखिन्छ । कविता विधाप्रति रुचि जागृत गर्नका लागि 'अन्त्याक्षरी' गराउने तथ्य सर्वाधिक रहेको पाइयो । त्यसैगरी सैद्धान्तिक रूपमा निबन्ध शिक्षणको मुख्य प्रयोजन लेखन कलाको समुचित विकासलाई मान्ने गरिएको भएपनि तथ्यले 'बोध र अभिव्यक्ति क्षमताको विकास' निबन्ध शिक्षणको मुख्य प्रयोजन हुने मत प्रकट भएको छ । निबन्ध विधा शिक्षणका लागि उपयोगी विधाका रूपमा पठनबोध विधि हुने तथ्य स्पष्ट भयो । आत्मपरक र वस्तुपरक

निबन्ध शिक्षणमा देखिने प्रमुख भिन्नताका रूपमा 'भावबोधमा कठिनाइ हुने र नहुने' तथ्य प्रकट भएको छ । निबन्ध विधाप्रति रुचि जागृत गर्न 'बुँदा दिएर निबन्ध लेख्न लगाउने' कार्य उपयोगी हुने तथ्य प्रकट भएको छ । त्यसैगरी कथा विधाको मुख्य प्रयोजन भाषाका चारवटै सिपमा समानुपातिक विकास गर्नु, कथा शिक्षणका लागि उपयोगी विधिको रूपमा छलफल तथा प्रश्नोत्तर विधि, कथा विधाको शिक्षणको सुरुवात 'कथाकथन' बाट गर्नुपर्ने, कथा विधाप्रति रुचि जगाउन 'विद्यार्थीको पूर्व जानकारीका आधारमा लोककथा भन्न लगाउने' कार्य गर्न उपयुक्त हुने तथ्य प्रकट भएको छ । नाटक/एकाङ्कीको मुख्य प्रयोजन 'अवसानुकूल संवाद कलाको विकास गरी अभिव्यक्ति कुशलता बढाउनु', नाटक/एकाङ्की शिक्षणका लागि उपयोगी विधिका रूपमा कक्षा अभिनय विधि' र नाटक एकाङ्की शिक्षण क्रमको सुरुवात परिचय तथा प्रस्तावनाबाट गर्नुपर्ने मत तथ्यका रूपमा प्रकट भएको छ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

एटम, नेत्र, (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

कानुन किताब व्यवस्था समिति, *शिक्षा ऐन २०२८,* काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

घिमिरे, दिनेश (२०७७), *भाषिक विधा शिक्षण : प्रयोजन र प्रक्रिया,* काठमाडौँ : इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

जोशी, गोकर्ण (सन् २०२१), 'वाक्क्रिया सिद्धान्तको सापेक्षतामा नेपाली भाषा शिक्षण', *सोताङ जर्नल,* वर्ष ३, अङ्क ३, पूर्णाङ्क १, पृ. ३२-४२ ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज ( ), *भाषिक विधा शिक्षण,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७६), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०७६), *भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

न्यौपाने, श्रीराम (२०६५), *नेपाली नाटक, एकाङ्की र निबन्ध,* काठमाडौँ : पैरवी प्रकाशन ।

बन्धु, चूडामणि (२०७७), *भाषाविज्ञान,* ललितपुर : साझा प्रकाशनको छापाखाना ।

रुथरफोर्ड, ए. (सन् २००६), *बेसिक कम्युनिकेसन स्किल्स फर टेक्नोलजी,* इन्डिया : पियर्सन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७६), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रीवास्तव, रवीन्द्रनाथ (सन् २०१०), *अनुप्रयुक्त भाषाविज्ञान सिद्धान्त एवम् प्रयोग,* नयाँदिल्ली : राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड ।

हार्मर, जिरिमे (सन् २००८), *इङ्लिस ल्याङ्ग्वेज टिचिङ,* बेलायत : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।